annapurnapost.com

अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक २०८, पृष्ठ ८ | काठमाडौं, शुक्रबार १९ मंसिर २०८२ | मार्ग कृष्णपक्ष प्रतिपदा, नेपाल संवत् ११४६ | FRIDAY, DECEMBER 5, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

राजनीतिक अस्थिरताको केन्द्र मधेस, मुख्यमन्त्री पिच्छे योजना फेरिँदै

पछिल्लो तीन वर्षमा चार मुख्यमन्त्री पाइसकेको मधेस प्रदेश पाँचौं मुख्यमन्त्रीको प्रतीक्षामा छ। तीन महिनाभित्र तीन मुख्यमन्त्रीले सदनमै राजीनामा घोषणा गरिसकेका छन् भने नयाँ सरकार गठनका लागि राजनीतिक जोडघटाउ चलिरहेको छ। तर, अब बन्ने सरकार पनि स्थिर होला भन्नेमा प्रदेशवासी ढुक्क छैनन्। किनकि सरकार चलाउन न त अंकगणित बलियो छ न स्पष्ट बहुमत नै।

मनिका झा | *जनकपुरधाम*

– को रिपोर्ट

पहिलो मुख्यमन्त्री

लालबाबु राउत (जसपा नेपाल)
२०७४ फागुन ३–२०७९ पुस २७

मुख्य योजनाहरू

- बेटी पढाऊ, बेटी बचाऊ अभियान
- मुख्यमन्त्री स्वच्छता अभियान
- प्रदेश परिवहन योजना
- सहिद लोकपथ निर्माण योजना
- खेतखेतमा पानी, हातहातमा काम

दोस्रो मुख्यमन्त्री

सरोज यादव (जसपा नेपाल)
२०७९ पुस २८–२०८१ जेठ २५

मुख्य योजनाहरू

- रामजानकी रंगशाला निर्माण
- कृषि विद्युतीकरण
- किसान कार्ड तथा पेन्सन योजना
- मधेस स्टार्टअप तथा नवप्रवर्तन योजना
- प्रत्येक निर्वाचन क्षेत्रमा एक/एक वटा नमुना विद्यालय

तेस्रो मुख्यमन्त्री

सतिशकुमार सिंह (जनमत नेपाल)
२०८१ जेठ २५– २०८२ असोज २९

मुख्य योजनाहरू

- भिजिट मधेस पर्यटन कार्यक्रम
- हरेक निर्वाचन क्षेत्र एक रोजगार प्रवर्द्धन केन्द्र
- हरेक जिल्लामा मोबाइल एम्बुलेन्स
- मधेस आईटी पार्क
- एक पालिका एक कृषि लाइब्रेरी

समाचार पृष्ठ २

चौथो मुख्यमन्त्री

जितेन्द्रप्रसाद सोनार (लोसपा)
२०८२ असोज ३०–२०८२ कात्तिक २२

मुख्य योजनाहरू

केही थिएन

पाँचौं मुख्यमन्त्री

सरोज यादव (नेकपा एमाले)
२०८२ कात्तिक २३–२०८२ मंसिर १७

मुख्य योजनाहरू

- सहिदहरूलाई 'मधेस रत्न'बाट विभूषित गर्ने
- सुक्खा र बाढीबाट कृषिबाली क्षति भएका किसानहरूलाई प्रतिकट्ठा १५ सय दिने
- बेरोजगार युवालाई दुई हजार भत्ता
- दलित र मुस्लिम विद्यार्थीलाई स्नातकोत्तर अध्ययनका लागि एक लाख रुपैयाँ छात्रवृत्ति
- मदरसा शिक्षा विधेयकलाई सैद्धान्तिक सहमति।

३ महिनामै बन्यो भाटभटेनीको गोदामघर

काठमाडौं (अन्नपूर्ण) : जेन–जी आन्दोलनका क्रममा पूर्ण रूपमा क्षति पुगेको भाटभटेनी सुपर मार्केटको बालुवाटारस्थित गोदामघर (वेयर हाउस) को पुनर्निर्माण सम्पन्न भएको छ। भदौ २३ र २४ गतेको जेन–जी आन्दोलनबाट उक्त गोदामघर जलेर पूर्ण रूपमा खरानी भएको थियो।

करिब तीन महिनापछि नै गोदामको पुनर्निर्माण सम्पन्न भई सञ्चालनमा आएको भाटभटेनीका प्रमुख अपरेटिङ अफिसर पनु पौडेलले जानकारी दिए। आगजनी र तोडफोडका कारण बिग्रिएका संरचना, भण्डारण प्रणाली र सामानको व्यवस्थापन पुनर्निर्माण तथा मर्मतपछि गोदाम सञ्चालनमा आएको हो। योसँगै भाटभटेनीका १२ स्टोर जेन–जी आन्दोलनमा जलाइएको थियो।

जलेको संरचनामध्ये सञ्चालनमा आएको यो पहिलो गोदामघर हो। 'पहिलेको स्थानमा नै पुनर्निर्माण सम्पन्न गरिएको छ। सञ्चालन पूर्व विधिवत् पूजा गरिएको छ। अब शुक्रबारबाट पहिलेको जस्तै पुराना भेन्डरबाट सामान ल्याई विभिन्न शाखामा पठाइन सुरु गरिनेछ,' उनले भने। क्षतिपछि भने सञ्चालनमा रहेको भाटभटेनीका शाखामा सीधै भेन्डरबाट सामान लैजाने गरिएको थियो। अब नियमित हिसाबले सामानहरूको वितरण हुने जनाइएको छ।

रुसी राष्ट्रपति पुटिन भारत भ्रमणमा

नयाँ दिल्ली (एजेन्सी) : रुसी राष्ट्रपति भ्लादिमिर पुटिन दुईदिने भारत भ्रमणका लागि बिहीबार साँझ दिल्ली आइपुगेका छन्। प्रधानमन्त्री नरेन्द्र मोदीले हात मिलाएर र अँगालो हालेर पुटिनको स्वागत गरे। पुटिनलाई प्रधानमन्त्री मोदीले निजी रात्रिभोजको आयोजना गरे। गत वर्ष जुलाईमा प्रधानमन्त्री मोदीको मस्को भ्रमणको क्रममा रुसी नेताले उनको यस्तै आतिथ्य सत्कार गरेका थिए।

२३औं भारत-रुस शिखर सम्मेलनअघि शुक्रबार राष्ट्रपति भवनमा पुटिनको औपचारिक स्वागत गरिनेछ। प्रधानमन्त्री मोदीले शिखर सम्मेलनस्थल हैदराबाद हाउसमा रुसी राष्ट्रपति र उनको प्रतिनिधिमण्डलको लागि दिवाभोजको पनि आयोजना गर्नेछन्।

२२औं भारत-रुस सैन्य तथा सैन्य प्राविधिक सहयोगसम्बन्धी अन्तर-सरकारी आयोगको क्रममा रक्षामन्त्री राजनाथ सिंहले द्विपक्षीय रक्षा सम्बन्धमा हालैका प्रगतिहरू औंल्याए। पुटिन पनि राजघाट जाने कार्यक्रम छ। करिब २८ घण्टाको भ्रमण समाप्त गर्दै उनी शुक्रबार राति

९:३० बजे भारतबाट प्रस्थान गर्ने जनाइएको छ। अमेरिकाले रुसी तेल किन्न रोक्न भारतमाथि दबाब बढाएको महिनौंपछि यस भ्रमणको क्रममा दिल्ली र मस्कोले धेरै सम्झौताहरूमा हस्ताक्षर गर्ने अपेक्षा गरिएको छ।

युद्ध अन्त्य गर्ने प्रयासमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प प्रशासनले रुस र युक्रेनसँग शृंखलाबद्ध वार्ताहरू गरिरहेको समयमा पुटिनले भारत भ्रमण गरेका छन्।



कति सम्भव छ अन्तर–निर्वाचन क्षेत्र मतदान ?

राजकरण महतो | *काठमाडौं*

फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनमा अन्तर–निर्वाचन क्षेत्रमा मतदातालाई मतदान गर्न कति सहज छ ? के अन्तर–निर्वाचन क्षेत्रमा मतदानको अधिकार उपलब्ध होला त ?

विदेशमा रहेका नेपालीका साथै अन्तर–निर्वाचनका क्षेत्रका मतदाताको मताधिकारका यस्ता जिज्ञासा व्यापक रूपमा उठेका छन्। यस्ता मतदातालाई सहज रूपमै मतदानको व्यवस्था गर्न सकिन्छ। तर, यसका लागि सरकार र निर्वाचन आयोगको इमानदार प्रयासको खाँचो छ। हालै नीति अनुसन्धान प्रतिष्ठानले गरेको अध्ययनले पनि देशभित्रका मतदातालाई अन्तर–निर्वाचन क्षेत्र मतदान अधिकार दिन सक्ने सुझाव दिएको छ। सरकारले पनि विगतको भन्दा केही नयाँ अभ्यासको सुरुवात गर्नुपर्ने पक्षमा प्रधानमन्त्री सुशीला कार्की छिन्। तर, अन्तर–निर्वाचन क्षेत्रमा मतदातालाई मतदान गर्न दिने वा नदिनेबारे ठोस निर्णय भने अहिलेसम्म हुन सकेको छैन।

निर्वाचनका विज्ञ, अध्ययन अनुसन्धानले अन्तर–निर्वाचन क्षेत्रमा मतदातालाई मतदाता गर्ने नयाँ व्यवस्था लागू भए निर्वाचनमा मतदाताको सहभागिता उल्लेख्य बढ्ने विश्वास व्यक्त गरेका

आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा अन्तर–निर्वाचन क्षेत्र मतदानलगायत विषयमा नीति अनुसन्धान प्रतिष्ठानले राजनीतिक दलहरूसँग गरेको छलफल। ● अन्नपूर्ण

छन्। यो व्यवस्था लागू गर्ने हो भने फागुन २१ गतेको निर्वाचनका लागि मतदाता नामावली प्रकाशनपछि अस्थायी मतदाता नामावलीमा नाम दर्ता गराउने प्रक्रिया सर्वप्रथम निर्वाचन आयोगले सुरु गर्नुपर्ने निर्वाचन आयोगका पूर्वनिर्वाचन आयुक्त प्रा.डा. वीरेन्द्रप्रसाद मिश्रले बताए। यसो भएमा मतदाताले रोजेको मतदान केन्द्रबाट आफ्नो निर्वाचन क्षेत्रका उम्मेदवार (प्रत्यक्ष) र आफूले रोजेको पार्टी (समानुपातिक)लाई सजिलै मतदान गर्न सकिने उनले बताए। उनले भने, 'देशको जुनसुकै कुनामा अस्थायी रूपमा बसोबास गर्ने व्यक्तिले आफ्नो निर्वाचन क्षेत्रका प्रत्यक्षतर्फका उम्मेदवार र आफूलाई मन पर्ने पार्टीलाई समानुपातिकतर्फ मतदान गर्न सक्छ। यसका लागि सरकार र निर्वाचन आयोगले आँट गर्नुपर्छ। यो असाध्यै सजिलो छ।'

» बाँकी पृष्ठ ६